# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असोज १३ गते २०४३ साल (संख्या २५

## भाग ३

### श्री ५ को सरकार
### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले दाना पदार्थ ऐन, २०३३ को दफा १० ले दिएको अधिकार प्रयोग गरी निम्न दाना पदार्थको गुणस्तर वा मात्रा देहायबमोजिम तोकेकोले यो आदेश जारी गरिएको छ।

कुखुराको दाना पदार्थको गुणस्तर वा मात्रा निम्न तालिकामा उल्लेख भए बमोजिमको हुनुपर्दछ।

तालिका

| रासायनिक गुणहरु | कुखुराको दाना पदार्थमा हुनुपर्ने गुणस्तर वा मात्रा | | | | |
|---|---|---|---|---|---|
| | फुलको लागि पालिने चल्लाको दाना | फुलको लागि पालिने हुर्कंदो कुखुराको दाना | फुल पार्ने कुखुराको दाना | ब्रोइलर चल्लाको शुरु दाना | ब्रोइलर कुखुराको अन्तिम दाना |
| १. जलान्स प्रतिशत, बढीमा | ११ | ११ | ११ | ११ | ११ |
| २. क्रुड प्रोटिन प्रतिशत, घटीमा | २० | १६ | १६ | २२ | १६ |
| ३. क्रुड फाइबर प्रतिशत, बढीमा | ५ | ७ | ८ | ६ | ६ |
| ४. क्रुड फ्याट प्रतिशत, घटीमा | ३ | ३ | ३ | ४ | ४ |
| ५. एसिड इन्सोल्युबल आयस प्रतिशत, बढीमा | ४ | ४ | ४ | ३.५ | ३.५ |

354

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ६. क्यालसियम प्रतिशत, घटीमा | १ | १ | ३ | १ | ०.८ |
| ७. प्राप्य फोसफोरस प्रतिशत, घटीमा | ०.५ | ०.५ | ०.५ | ०.४ | ०.४ |
| ८. लवण (सोडियम क्लोराइड) प्रतिशत, बढीमा | ०.७ | ०.७ | १.० | ०.७ | ०.७ |

१. उपरोक्त तालिकामा उल्लेखित दाना पदार्थहरू:—

(क) सडेको, गन्हाएको, विषालु, ढुसी परेको वा कीरा लागेको हुनु हुँदैन।

(ख) उपरोक्त तालिकामा दिइएको गुणस्तर वा मात्राको परिधि अनुरूप हुनुपर्छ।

(ग) उपरोक्त तालिकामा दिइएको गुणस्तर वा मात्राहरूमध्ये एक मात्र गुणस्तर वा मात्राको परिधि अनुरूप नभएमा पनि सो दाना पदार्थ गुणस्तर परिधि अनुरूप भएको मानिने छैन।

(घ) सबै प्रकारको दाना पदार्थमा एण्टिबायोटिक्स र कोक्सिडायोष्टिट्स मिसाउन सकिनेछ। त्यस्तो मात्रा उत्पादक वा वितरक आफैंले निर्धारण गर्न सक्नेछन्।

२. माथि तालिकामा दिइएका चारित्रिक गुणहरूमध्ये क्र. सं. २ देखि ८ सम्मका गुणहरूको हुनुपर्ने मात्राहरू तौलको हिसाबले जलांशरहित आधारमा गणना गरिएका हुन्।

३. यस तालिकाको प्रयोजनको लागि:—

(क) फुलको लागि पालिने चल्लाको दाना भन्नाले आठ हप्तासम्मको कुखुरालाई खुवाउने दाना सम्झनुपर्छ।

(ख) फुलको लागि पालिने हुर्कंदाको कुखुराको दाना भन्नाले आठ हप्ताभन्दा बढी बीस हप्ताभन्दा कम वा फुल पार्न नलागेसम्मका बढ्दो कुखुरालाई खुवाउने दाना सम्झनुपर्छ।

(ग) फुल पार्ने कुखुराको दाना भन्नाले बीस हप्ताभन्दा बढी उमेर पुगी फुल पार्न लागेको कुखुरा वा बीस हप्ता उमेर नपुग्दै फुल पार्न लागेको अन्य कुखुरालाई समेत खुवाउने दाना सम्झनुपर्छ।

(घ) ब्रोइलर चल्लाको शुरू दाना भन्नाले मासुको लागि पालिने ६ हप्तासम्मका चल्लालाई खुवाउने दाना सम्झनुपर्छ।

(ङ) ब्रोइलर कुखुराको अन्तिम दाना भन्नाले मासुको लागि पालिने ६ हप्ताभन्दा बढी उमेर पुगेका ब्रोइलर कुखुरालाई खुवाउने दाना सम्झनुपर्छ।

आज्ञाले,

अक्रूरसिंह राणा

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।